ASIAN AMERICANS
ADVANCING
JUSTICE
ASIAN LAW CAUCUS

# नेपाली - सान्टा क्ल्यारा काउन्टीका मतदाताहरूका लागि भाषा सहायता

**घरबाट मतदान**
निर्वाचन दिनभन्दा अघि नै तपाईंले हुलाकमार्फत अनुवादित सामग्रीहरू प्राप्त गर्न सक्नुहुन्छ। अनुवाद गरिएका सामग्रीहरू प्राप्त गर्नका लागि, तपाईंको भाषा प्राथमिकता https://voterstatus.sos.ca.gov मा अद्यावधिक गर्न वा निर्वाचन कार्यालयलाई (866-430-8683)मा कल गर्न सक्नुहुन्छ।.

यदि तपाईं **नेपाली**मा स्रोतहरू चाहनुहुन्छ भने, तपाईंले हुलाकबाट अनुवाद गरिएको "फक्सिमिल" मतपत्र प्राप्त गर्ने माग गर्न सक्नुहुन्छ। यो अनुवाद गरिएको नमूना मतपत्र हो जसले तपाईंलाई अंग्रेजी मतपत्र बुझ्न र भर्न सहयोग गर्दछन्। (तपाईंले फक्सिमिल मतपत्रमा भने मतदान गर्न सक्नुहुन्न।) यदि यो तपाईंको क्षेत्रमा उपलब्ध छ भने, तपाईंलाई निशुल्क रूपमा उपलब्ध गराउनेछन्।

यदि तपाईंले तपाईंको प्राथमिकताको भाषामा मतपत्र वा सामग्रीहरू प्राप्त गर्नुभएन भने, निर्वाचन कार्यालयमा कल गर्नुहोस्।

**व्यक्तिगत रूपमा मतदान**
यदि तपाईंले मतदान केन्द्रमा व्यक्तिगत रुपमा मतदान गर्नुहुन्छ भने तपाईंले मौखिक सहायताको प्रयोग गर्न सक्नुहुन्छ। तपाईंलाई **मतदान गर्दा सहयोग गर्नका लागि दुई जनासम्म मानिसहरू** ल्याउन अनुमति छ तर तिनीहरूले तपाईंको रोजगारदाता वा युनियनलाई प्रतिनिधित्व गर्नुहुँदैन। परिवारको सदस्य वा साथीलाई ल्याउनुहोस्!

यदि तपाईंको मतदान केन्द्रमा दोभाषे निर्वाचन कर्मचारीहरू छन् भने,उनीहरूले आफू बोल्ने भाषा उल्लेख गरिएको **ब्याज, रिबन वा स्टिकर लगाएको हुनुपर्छ।**

**यदि तपाईंले व्यक्तिगत रूपमा मतदान केन्द्रमा मतदान गर्नुहुन्छ भने, तपाईंले आफू मतदान गर्नका लागि दर्ता भएको क्षेत्रमा अनुवाद गरिएको नेपाली "फक्सिमिल" मतपत्र उपलब्ध भएमा, त्यसको प्रयोग गर्न सक्नुहुन्छ।** तपाईंले फक्सिमिल मतपत्रमा मतदान गर्नुहुँदैन तर तपाईंले अंग्रेजी भाषाको मतपत्र भर्नका लागि यसलाई सन्दर्भको रूपमा प्रयोग गर्न भने सक्नुहुन्छ। तपाईंले उपलब्ध अनुवाद गरिएको फक्सिमिल मतपत्रहरू मतदान केन्द्रहरूमा स्पष्ट रूपले देख्न सक्नुहुन्छ। तपाईंलाई सहायता गर्नका लागि तपाईंले मतदान बुथमा लैजान पाउने गरी केही प्रतिहरू पनि हुन्छन्। तपाईंका लागि उपयोगी हुने फक्सिमिल मतपत्र खोज्नका लागि कर्मचारीको सहयोग लिनुहोस्।

**यदि तपाईंलाई मतदान गर्दा कुनै समस्या भएमा, काउन्टी निर्वाचन कार्यालयलाई 866-430-8683 मा सम्पर्क गर्नुहोस् वा सहायताका लागि 888-API-VOTE (888-274-8683) मा सम्पर्क गर्नुहोस्।**